annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५५, पृष्ठ ८ | काठमाडौं, बुधबार १० असार २०८३ | ज्येष्ठ शुक्लपक्ष दशमी नेपाल संवत् ११४६ | WEDNESDAY, JUNE 24, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## रास्वपा महाधिवेशन: रवि निर्विरोध, सिद्धान्त ‘सामाजिक लोकतन्त्र’

चितवनमा जारी रास्वपा महाधिवेशनले सभापतिमा पुन: रवि लामिछानेलाई निर्विरोध निर्वाचित गरेको छ। पार्टीले ‘सामाजिक लोकतन्त्र’लाई मुख्य राजनीतिक सिद्धान्त अँगाल्ने भएको छ। त्यसका लागि प्रतिस्पर्धात्मक उदार अर्थतन्त्र, विधिको शासन र संस्थागत पद्धति, जनउत्तरदायी सरकार, लोककल्याणकारी राज्य तथा समन्यायिक समावेशी समाजका पाँच आधार सभापति लामिछानेले पेस गरेका छन्। तर, संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक निर्वाचन प्रणाली तथा प्रदेश संरचनाको पुनर्संरचना गर्नुपर्ने राजनीतिक मान्यता पनि अघि सारेका छन्।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
**अनिल ढकाल** | *चितवन*




समाचार पृष्ठ २

## कक्षा १२ को नतिजामा त्रुटि भएको छैन : शिक्षा सचिव



**काठमाडौं** (अन्नपूर्ण): शिक्षा तथा खेलकुद मन्त्रालयले कक्षा १२ को नतिजा प्रकाशनमा कुनै त्रुटि नभएको स्पष्ट पारेको छ। सिंहदरबारमा मंगलबार बसेको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा शिक्षा सचिव चूडामणि पौडेलले कक्षा १२ को नतिजामा त्रुटि र लापरवाही भएको भन्ने आरोप प्रोपगान्डा मात्रै भएको बताएका हुन्। उनले शिक्षकहरूलाई जिम्मेवार बनाएका कारण ग्रेडको प्रतिशत बढेको र छिटो नतिजा प्रकाशन गर्न सफल भएको उल्लेख गरे।

‘अहिले नतिजालाई लिएर आएका कतिपय कुराहरू भ्रमपूर्ण छन्। धेरै लापरवाही भएको भए ग्रेडको यो स्तर बढ्ने नै थिएन। हामीले शिक्षकहरू कत्तिको जिम्मेवार हुनुहुन्छ भनेर उत्तरपुस्तिकाको नमुना परीक्षणसमेत गरेर हेर्‍यौं,’ पौडेलले भने, ‘तर, कहीँ पनि त्यस्तो कमजोरी फेला परेन। शिक्षक साथीहरूले इमान्दारितापूर्वक कपी परीक्षण गर्नुभएको छ।’ सचिव पौडेलले नतिजा प्रकाशनका विषयमा मन्त्रालयले अध्ययन गर्दासमेत कुनै त्रुटि फेला नपरेको र इमानदारीपूर्वक, कपी परीक्षण भएको जानकारी दिए। उनले विश्वविद्यालयको नियुक्ति प्रक्रियासम्बन्धी विश्वविद्यालयको ऐनका भएको व्यवस्थाअनुसार नै रहेको बताए।

खुला विश्वविद्यालयको स्थायी शिक्षकको सन्दर्भमा मन्त्रालयको ध्यानाकर्षण भएको उनले बताए। ‘विश्वविद्यालयहरूको नियुक्ति प्रक्रिया तिनीहरूको ऐनमा व्यवस्था भएअनुसार नै अघि बढ्छ। कसैको एउटै कार्यविधि छ भने ट्रस्टी मोडलमा जानेहरूको हकमा ट्रस्टीलाई नै नियुक्तिको जिम्मेवारी दिइएको छ,’ उनी भन्छन्, ‘खुला विश्वविद्यालयको हकमा विगतमा दुई जना उपकुलपतिले कार्यकाल सिध्याएर जाँदा पनि यो विषय अगाडि बढ्न सकेको थिएन। अब भने मन्त्रालयको ध्यानाकर्षण भएको छ। हामी पहिले खुला विश्वविद्यालयको नेतृत्व चयन गर्ने र त्यसपछि अन्य प्रक्रिया अगाडि बढाउने सोचमा छौं।’

सचिव पौडेलले नेपालका विभिन्न विश्वविद्यालयहरूमा अहिले करिब १४ सय विदेशी विद्यार्थी अध्ययनरत रहेको जानकारी दिँदै विद्यार्थी भिसालाई सहजीकरण गर्ने विषयमा गृह मन्त्रालयसँग छलफल अघि बढाइएको जानकारी दिए।

» बाँकी पृष्ठ ६

## किन पक्राउ परे पूर्वअर्थमन्त्री पौडेल ?


**अन्नपूर्ण** | *काठमाडौं*

नेकपा एमालेका उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टोलीले पक्राउ गरी मंगलबार विशेष अदालतमा उपस्थित गराएको छ।

पौडेललाई अनुसन्धान गर्न विशेषले ७ दिनको म्यादसमेत थप गर्‍यो। विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले ७ दिनको म्याद थप गरेको हो। आदेशसँगै पौडेललाई न्यायिक हिरासतमा राख्न पठाइएको विशेष अदालतको प्रशासन शाखाले जनाएको छ।

सम्पत्ति शुद्धीकरण विभागले पूर्वअर्थमन्त्रीसमेत रहेका पौडेललाई सोमबार सुर्खेतबाट पक्राउ गरेको थियो। पक्राउपछि उनलाई सार्वजनिक साधनबाट मंगलबार काठमाडौं ल्याइएको थियो।

एमालेको आन्तरिक चुनावी समीक्षा एवं संगठन पुनर्गठन कार्यक्रमका लागि सुर्खेत पुगेका पौडेललाई विभागको पक्राउ पुर्जीका आधारमा सोमबार सुर्खेत प्रहरीले पक्राउ गरेको थियो। कर्णाली प्रदेशका डीआईजी जयराज सापकोटाका अनुसार उनलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतमा राखी नेपालगन्ज हुँदै सडक मार्गबाट काठमाडौं ल्याएका थिए।



विशेष अदालतका उपन्यायाधिवक्ता भीमसेन काफ्लेका अनुसार श्रीराम टोबाको प्रालिको २० प्रतिशत सेयर हिमालयन एसेष्ट म्यानेजमेन्ट प्रालिले किनेको विषयमा भइरहेको अनुसन्धानको सिलसिलामा पौडेल पक्राउ परेका हुन्। विशेष अदालतमा पेस भएको विवरणपत्रअनुसार हिमालयन एसेष्ट म्यानेजमेन्टमा इन्फिनिटी होल्डिङ्सको शतप्रतिशत सेयर लगानी रहेको छ।

**व्यवसायी दीपक भट्ट जोडिएको सम्पत्ति शुद्धीकरण मुद्दामा श्रीराम टोबाको प्रालिको २० प्रतिशत सेयर सस्तोमा बिक्री गराउन दबाब दिएको र अवैध सम्पत्ति आर्जनमा सहजीकरण गरेको आरोप**

व्यवसायी दीपक भट्टविरुद्ध सम्पत्ति शुद्धीकरणको आरोपमा मुद्दा दायर गर्दा विभागले हिमालयन एसेष्ट म्यानेजमेन्ट प्रालिका बारेमा उल्लेख गरेको थियो। उक्त कम्पनीले विभिन्न ठाउँमा लगानी गरेको र त्यसको वास्तविक स्वामित्वकर्ता अर्कै रहेको भन्दै विभागले अनुसन्धान जारी राखेको थियो।

अनुसन्धानका क्रममा व्यवसायीद्वय कमलकिशोर मालपानी र चुन्नप्रसाद शर्माले बयान दिँदै पूर्वअर्थमन्त्री पौडेलकै दबाबका कारण आफूहरूले श्रीराम टोबाकोको सेयर व्यवसायी दीपक भट्टलाई सस्तोमा बेच्नुपरेको दाबी गरेपछि पौडेल अनुसन्धानको घेरामा तानिएका हुन्। विशेष अदालतको इजलासमा सरकारी वकिलहरूले पौडेलमाथि थप अनुसन्धानका लागि २० दिनको म्याद थप गर्न माग गरेका थिए। उनीहरूले दीपक भट्टलगायतसँग मिलेर अवैध सेयर कारोबार र अवैध सम्पत्ति आर्जन गरेको आरोपमा थुनामा राखेरै अनुसन्धान हुनुपर्ने तर्क गरेका थिए।

पौडेलका कानुन व्यवसायीहरूले भने यो पक्राउलाई राजनीतिक प्रतिशोध र ‘तानाशाही शैली’ को संज्ञा दिएका छन्। रूपन्देही-२ मा पौडेलका राजनीतिक प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदारसमेत रहेका चुन्नप्रसाद शर्मा र अर्का व्यवसायी मालपानीको रिसइबीपूर्ण बयानलाई मात्र आधार मानेर बिनाप्रमाण पक्राउ गरिएको उनीहरूको जिकिर छ। मालपानी र शर्माले श्रीराम टोबाकोको २० प्रतिशत सेयर भट्टलाई बेच्दा पौडेलले सहजीकरण गरेको वा दबाब दिएको कुनै फोन रेकर्ड, म्यासेज वा लिखित प्रमाण सरकारी पक्षले पेस गर्न नसकेको भन्दै उनीहरूले इजलासको ध्यानाकर्षण गराए।

पूर्वमहान्यायाधिवक्तासमेत रहेका वरिष्ठ अधिवक्ता रमेश बडालले अदालतमा सरकारको कदमलाई मुसोलेनी र हिटलरसँग तुलना गर्दै भने- ‘हाम्रोमा पनि जन्मिन गइरहेका मुसोलेनीहरू, हिटलरहरूलाई पहिले नै अधिकारबाट बन्चित गर्न थालिएन, अदालतले त्यहाँ एक्सन लिएन भने भोलि, पर्सी हामी त्यसको प्रभावबाट कोही पनि बाँकी बस्ने अवस्था छैन।’

» बाँकी पृष्ठ ६

## प्रहरीलाई पनि १५/१५ दिनमा तलब

**अन्नपूर्ण** (काठमाडौं): नेपाल प्रहरीले अबदेखि १५-१५ दिनमा तलब पाउने भएका छन्। प्रहरी प्रधान कार्यालयले मातहतका कार्यालयहरूलाई परिपत्र गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ देखि उक्त व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएको हो।

प्रहरी प्रधान कार्यालयले जारी गरेको पत्रअनुसार अर्थ मन्त्रालयको निर्णय तथा महालेखा नियन्त्रक कार्यालयको पत्राचारका आधारमा राष्ट्रसेवक कर्मचारीलाई अर्धमासिक रूपमा तलब-भत्ता भुक्तानी गर्ने व्यवस्था लागू गरिएको हो। यसअनुसार कर्मचारीहरूले एकैपटक मासिक तलब पाउने सट्टा प्रत्येक १५ दिनको अन्तरालमा तलब प्राप्त गर्नेछन्।

परिपत्रमा सम्बन्धित कार्यालयहरूलाई आवश्यक आर्थिक तथा प्रशासनिक व्यवस्था मिलाई नयाँ प्रणाली कार्यान्वयन गर्न भनिएको छ। नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखालाई समेत आवश्यक वित्तीय प्रणालीहरू सोहीअनुसार व्यवस्थापन गर्न निर्देशन दिइएको छ।

## पश्चिमसम्म पुग्नै सकेन मनसुनी वायु

**नितु घले** | *काठमाडौं*

नेपालमा मनसुन भित्रिएको ५ दिन बितिसक्दा पनि विस्तार हुन सकेको छैन। सामान्यतया कोशी प्रदेशबाट सुरु हुने मनसुन एक साताभित्रै देशको पश्चिमी भूभागसम्म फैलिने गर्छ। तर, यस वर्ष सुरुदेखि नै मनसुनी प्रणाली कमजोर रहेका कारण वायुको गति सुस्त बनेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् हरिप्रसाद दाहालले बताए। ‘सुरुदेखि नै मनसुन कमजोर देखिएको छ, तर यसलाई अहिले नै मनसुन ब्रेक भन्न भने मिल्दैन,’ दाहालले स्पष्ट पारे।

दाहालका अनुसार यतिबेला कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही भूभाग तथा लुम्बिनी प्रदेशको पूर्वीक्षेत्रमा मात्र मनसुनी वायुले पानी पारिरहेको छ।

मंगलबार कोशी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भएको छ भने लुम्बिनी र गण्डकी प्रदेशका केही भूभागमा भारी वर्षा समेत मापन गरिएको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने अझै मनसुनी वायु पुग्न सकेको छैन। हाल त्यहाँ स्थानीय र पश्चिमी वायुको मिश्रित प्रभावले सामान्य वर्षा गराए पनि वास्तविक मनसुनी झरीका लागि भने अझै केही समय पर्खिनुपर्ने देखिन्छ।

जल तथा मौसम विज्ञान विभागले मनसुन कमजोर अवस्थामा रहेकाले देशका अन्य भूभागमा विस्तार हुन समय लाग्ने जानकारी सोमबार नै गराएको थियो। मनसुन ढिलाइ हुँदा हाल सम्पूर्ण तराई क्षेत्र तातो हावाको चपेटामा परेको छ, जसको सबैभन्दा बढी मार पश्चिम नेपालले खेपिरहेको छ। लुम्बिनीदेखि सुदूरपश्चिमसम्म तातो हावाको लहर ‘लु’ चल्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन मौसमविद् दाहालले आग्रह गरेका छन्।



फाइल फोटो

### के मनसुन ब्रेक भएको हो ?

नेपालमा पूर्वबाट चल्ने हावाले वायुमण्डलको तल्लो तहमा अत्यधिक प्रभाव जमाउने गर्छ र यो क्रम मनसुन अवधिभर जारी रहन्छ। यही पूर्वी हावाका माध्यमबाट बंगालको खाडीबाट जलवाष्पयुक्त कणहरू नेपाल भित्रिन्छन्। यद्यपि, मनसुनको चार महिने अवधिमा सधैं एकैनासले पानी पर्दैन। कुनै बेला मनसुनी वायु सक्रिय हुँदा लगातार झरी पर्छ भने निष्क्रिय हुँदा मौसम सुक्खा रहन्छ। मनसुनकै अवधिमा लामो समय राम्रोसँग पानी नपर्नुलाई ‘मनसुन ब्रेक’ भनिन्छ, जुन एक नियमित प्राकृतिक प्रक्रिया हो।

मौसमविद् दाहालका अनुसार कहिलेकाहीँ मनसुन ब्रेक भएका कारण पनि मनसुनी वायु फैलिन समय लाग्छ, तर यसपटक भने मनसुन ब्रेक नभइकन नै वायुको आन्तरिक प्रणाली कमजोर हुँदा विस्तार हुन नसकेको हो। त्रिभुवन विश्वविद्यालय, जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक विनोद पोखरेलले पनि हाल देशको पूर्वी भेगमा वर्षाको मात्रा कम भएको जनाएका छन्। आगामी शुक्रबारसम्म पूर्वमा पानी पर्ने क्रम थोरै घट्ने तर केही स्थानमा भने हल्का वर्षा जारी रहने उनको प्रक्षेपण छ।

### सन् २०२५ र २०२६ को मौसमी अन्तर: एल निनोको प्रभाव

गत वर्ष र यस वर्षको मनसुनी प्रणालीलाई तुलना गर्दा निकै भिन्नता देखिएको अन्तर्राष्ट्रिय मौसम मोडेलहरूले औंल्याएका छन्। विश्व मौसम संगठन, युके मेट अफिस र दक्षिण एसियाली क्षेत्रीय जलवायु दृष्टिकोण मञ्चलगायतका संस्थाहरूका अनुसार यस वर्ष जुनदेखि सेप्टेम्बरसम्म प्रशान्त महासागरमा सिर्जना हुने ‘एल निनो’ प्रणालीको दबाब रहने प्रस्ट भएको छ। यसकै कारण नेपालमा मनसुन समयमै भित्रिए पनि पूर्णरूपमा सक्रिय हुन समय लागिरहेको हो, जुन हालको वास्तविक मौसमी अवस्थासँग हुबहु मिलेको देखिन्छ। अन्तर्राष्ट्रिय मौसमी प्रक्षेपण अनुसार यस वर्ष दक्षिण एसियामै मनसुनको अवधि छोटो हुने सम्भावना छ। मनसुन बाहिरिने समय (सेप्टेम्बरको मध्य) सरदर मितिभन्दा केही चाँडो वा त्यसकै वरपर हुन सक्छ।

### गत वर्ष र यस वर्षको तुलनात्मक विवरण

वर्षाको मात्रा: सन् २०२५ मा मनसुनी प्रणाली सामान्य र केही बलियो रहेकाले राम्रो वर्षा भएको थियो। तर, यस वर्ष (सन् २०२६) प्रणाली कमजोर भएकाले सरदरभन्दा कम वर्षा हुने प्रक्षेपण छ।

**एल निनोको अवस्था**: गत वर्ष एल निनो तटस्थ अवस्थामा थियो, तर यस वर्ष यो पूर्ण रूपमा सक्रिय रहनेछ, जसले वर्षालाई अवरोध पुर्‍याउँछ। मनसुन **भित्रिने र बाहिरिने समय**: गत वर्ष सरदर मितिभन्दा ८ दिन अगावै मनसुन भित्रिएको थियो भने यस वर्ष सरदर मितिभन्दा ६ दिन ढिलो मात्र भित्रियो। त्यस्तै, गत वर्ष सरदर मितिभन्दा ३ दिन पहिले मनसुन बाहिरिएकोमा यस वर्ष त्योभन्दा पनि अगाडि नै बाहिरिने संकेतहरू देखिएका छन्।

**भौगोलिक प्रभाव**: गत वर्ष देशभर बलियो मनसुनी प्रणाली रहे पनि यस वर्ष नेपालको दक्षिणी भेग तराईमा कमजोर र उत्तरी भेग हिमाली तथा पहाडी क्षेत्रमा केही बलियो हुने सम्भावना छ।